# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, चैत २७ गते २०४७ साल (अतिरिक्ताङ्क ६६


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# न्याय परिषद्को अधिकार र कर्तव्य सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: न्याय परिषद्को अधिकार र कर्तव्य सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२९ बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "न्याय परिषद् ऐन, २०४७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा ९३ बमोजिम गठन भएको न्याय परिषद् सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ ।

(ङ) "जाँचबुझ समिति" भन्नाले संविधानको धारा ९१ को उपधारा (३) बमोजिम गठन हुने जाँचबुझ समिति सम्झनु पर्छ ।

३. अभिलेख तयार गर्ने: (१) परिषद्ले संविधान र अन्य कानून बमोजिम विभिन्न तहको न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुग्ने व्यक्तिहरूको अभिलेख तयार गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख तयार गर्ने काममा सर्वोच्च अदालत, कानून तथा न्याय मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय लगायत सम्बन्धित सबैले परिषद्लाई आवश्यक सहयोग गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा कार्यरत न्यायाधीशहरूको कार्य सम्पादन निरीक्षण प्रतिवेदन र सेवा सम्बन्धी अन्य विवरण तथा नेपाल न्याय सेवाका अधिकृतहरूको कार्य सम्पादन तथा सेवा सम्बन्धी अन्य विवरण, सम्बन्धित अदालत वा कार्यालयहरूबाट झिकाई उपदफा (१) बमोजिम तयार हुने अभिलेख साथ राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिम तयार हुने अभिलेख गोप्य हुनेछ र परिषद्को सचिवको जिम्मामा रहनेछ । सो अभिलेख परिषद्को आदेशले बाहेक अरू कसैलाई प्रकट गर्नु हुँदैन ।

तर संविधानको धारा ८७ को उपधारा (८) र धारा ९१ को उपधारा (३) बमोजिम गठित जाँचबुझ समितिलाई आवश्यक पर्ने अभिलेख उपलब्ध गराउन यस उपदफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

४. <u>नियुक्तिको लागि सिफारिश गर्दा अपनाउनु पर्ने कार्यविधिः</u> (१) कुनै व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा परिषद्ले देहायको कुराहरूको अतिरिक्त सिफारिश गर्नु पर्ने अन्य कारण र आधार समेत प्रष्ट रुपमा उल्लेख गर्नु पर्नेछः–

(क) संविधान र अन्य कानून बमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेको ।

(ख) वरिष्ठता, अनुभव, विषय वस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारीता, निष्पक्षता र नैतिक आचरण इत्यादि कुराहरूको दृष्टिकोणबाट न्यायाधीशको पदमा नियुक्त गर्न उपयुक्त भएको ।

(२) परिषदले जिल्ला न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा, पुनरावेदन अदालतको न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पदमा र पुनरावेदन अदालतको मुख्य न्यायाधीशको पदमा बहाल रहेको कुनै व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि देहायका कुराहरूको समेत विचार गर्नु पर्नेछ :–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सर्वोच्च अदालत वा पुनरावेदन अदालतले आफ्ना मातहतका अदालतहरूको आवधिक वा आकस्मिक निरीक्षण गरी सर्वोच्च अदालतमा पेश गरेको प्रतिवेदनमा निजको सम्बन्धमा उल्लेख भएका कुराहरू,

(ख) निजको नोकरी विवरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन, र

(ग) पुनरावेदन सुन्ने न्यायाधीशले निजको फैसलाको सम्बन्धमा कुनै टिप्पणी गरेको रहेछ भने सो टिप्पणीको ब्यहोरा ।

(३) परिषद्ले नेपाल न्याय सेवाको कुनै अधिकृतलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि निजको नोकरी विवरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन उपर समेत विचार गर्नु पर्नेछ ।

(४) परिषद्ले न्यायाधीश वा नेपाल न्याय सेवाका अधिकृत बाहेक अन्य कुन कानून व्यवसायी वा कानून वा न्यायको क्षेत्रमा काम गरेको व्यक्तिलाई न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिश गर्दा उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित व्यवसाय वा काममा निजको प्रतिष्ठा र निज प्रतिको जनभावना जस्ता कुराहरू र निजको अघिल्लो सेवा सम्बन्धी कुनै विवरण भए सो समेत विचार गर्नु पर्नेछ ।

५. प्रारम्भिक जाँचबुझ गराउन सक्ने: (१) संविधानको धारा ९१ को उपधारा (३) बमोजिम कुनै न्यायाधीशको विरुद्ध लागेको आरोपको जाँचबुझ गर्नको लागि जाँचबुझ समिति गठन गर्नु भन्दा अघि परिषद्ले उपयुक्त देखेमा मनासिब माफिकको तरिका अपनाई प्रारम्भिक जाँचबुझ गराउन सक्नेछ ।

तर परिषद्ले आरोप आधारहीन देखेमा त्यस्तो आरोप सम्बन्धी कुरा तामेलीमा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने प्रारम्भिक जाँचबुझको काम साधारणतया गोप्य हुनेछ र प्रारम्भिक जाँचबुझ गर्ने व्यक्तिले आवश्यकतानुसार आरोप लागेको न्यायाधीश वा अन्य सम्बन्धित व्यक्तिसंग सोधपूछ गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक जाँचबुझबाट न्यायाधीश विरुद्धको आरोप तथ्यहीन देखिएमा परिषद्ले त्यस्तो कारवाईलाई तामेलीमा राख्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. जाँचबुझ समितिको गठन: (१) दफा ५ बमोजिम भएको प्रारम्भिक जाँचबुझबाट वा त्यस्तो जाँचबुझ नगराएको भए पनि परिषद्ले संविधानको धारा ९१ को उपधारा (३) बमोजिम कुनै न्यायाधीशको विरुद्ध लागेको आरोपमा जाँचबुझ समितिबाट जाँचबुझ गराउनु पर्ने देखेमा परिषद्ले जाँचबुझ समिति गठन गर्नेछ र त्यसको सूचना नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) जाँचबुझ समितिले नेपाल अधिराज्यभित्र जहाँसुकै आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

(३) जाँचबुझ समितिको लागि आवश्यक पर्ने कर्मचारी र साधन सर्वोच्च अदालतले उपलब्ध गराउनेछ ।

(४) जाँचबुझ समितिको सचिवको काम परिषद्को सचिवले गर्नेछ ।

तर जाँचबुझ समितिको सचिवको रुपमा काम गर्न परिषद्ले आवश्यकतानुसार नेपाल न्याय सेवाका कुनै अधिकृत कर्मचारीलाई तोकन सक्नेछ ।

७. जाँचबुझ समितिको कार्यविधि र अधिकार: (१) जाँचबुझ समितिले आरोप लागेको न्यायाधीशलाई सूचना दिने, सूचना तामेल गर्ने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार र आरोपको तहकिकात र अनुसन्धानको सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तरगत विशेष प्रहरी अधिकृतलाई भएको अधिकारको समेत प्रयोग गर्न सक्नेछ ।

(२) जाँचबुझ समितिले जाँचबुझको कार्य सम्पन्न गर्नको लागि आरोप लागेको न्यायाधीशको अतिरिक्त अरू जुनसुकै व्यक्तिलाई पनि आफू समक्ष उपस्थित गराई बुझ्न सक्नेछ ।

(३) यस दफा अन्तरगत हुने जाँचबुझको कारवाई गोप्य हुनेछ । जाँचबुझको कारवाई भएको ठाउँमा जाँचबुझ समितिले आरोप लागेको न्यायाधीश, कानून व्यवसायी तथा उजूरीबाट कारवाई चलेकोमा उजूरवाला बाहेक अरू कुनै व्यक्तिलाई उपस्थित हुने वा कारवाईमा भाग लिने अनुमति दिने छैन ।

(४) यस दफा अन्तर्गत जाँचबुझको सन्दर्भमा जारी भएको आदेशको अवहेलना गर्ने वा जाँचबुझको कारवाईमा बाधा पुऱ्याउने व्यक्तिलाई जाँचबुझ समितिले तीन हजार रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यस्तो काम जानाजान नभएको भन्ने विश्वास लाग्ने कारण देखाई माफी मागेमा जाँचबुझ समितिले निजलाई भएको सजाय माफ गर्न सक्नेछ ।

(५) जाँचबुझको कार्य समाप्त भएपछि जाँचबुझ समितिले आफ्नो राय सहित जाँचबुझको प्रतिवेदन परिषद्‌लाई दिनु पर्नेछ र तत्सम्बन्धी सबै मिसिल र कागजपत्र परिषद्‌को कार्यालयमा बुझाउनु पर्नेछ ।

८. सफाईको मौका दिने : (१) दफा ७ को उपदफा (५) बमोजिम पेश भएको जाँचबुझको प्रतिवेदन र मिसिल कागजातबाट आरोप लागेको न्यायाधीशलाई संविधान वा अन्य कानून बमोजिम सजाय हुनु पर्ने देखिएमा परिषद्‌ले आरोप लागेको न्यायाधीशलाई कारण र आधार खोली स्पष्टीकरण प्रस्तुत गर्न मुनासिब समय दिई सूचना दिनु पर्नेछ । सो म्याद भित्र निजले कुनै स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा संविधानको धारा ९१ को उपधारा (३) बमोजिम परिषद्‌ले आफ्नो सिफारिश श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्नेछ ।

(२) जाँचबुझको प्रतिवेदन वा आरोप लागेको न्यायाधीशले उपदफा (१) अन्तर्गत पेश गरेको स्पष्टीकरणबाट निज उपरको आरोप तथ्यहीन देखिएमा परिषद्‌ले निज उपरको कारवाईलाई तामेलीमा राख्न सक्नेछ ।

९. पदीय कर्तव्य पालन गर्नबाट रोक लगाउन सकिने : (१) संविधानको धारा ९१ को उपधारा (३) बमोजिमको आरोपको जाँचबुझ गर्न जाँचबूझ समिति गठन गरिएमा जाँचबुझको काम समाप्त नभएसम्म सार्वजनिक हीतको निमित्त आरोप लागेको न्यायाधीशलाई निजको कर्तव्य पालन गर्नबाट रोक लगाउनु पर्ने भन्ने कुरा परिषद्‌लाई लागेमा परिषद्‌ले सो ब्यहोराको प्रतिवेदन श्री ५ महाराजाधिराजका हजूरमा जाहेर गर्नु पर्नेछ ।

(२) श्री ५ महाराजाधिराजबाट उपदफा (१) बमोजिमको प्रतिवेदनमा स्वीकृति बक्सेमा परिषद्‌ले त्यस्को सूचना आरोप लागेको न्यायाधीशलाई दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त हुन आएपछि आरोप लागेको न्यायाधीशले आफ्नो पदको कार्य गर्न पाउने छैन ।

१०. मुद्दा दायर भएमा स्वतः निलम्बन हुने : (१) कुनै न्यायाधीश उपर खराब आचरणको आधारमा प्रचलित कानून बमोजिम मुद्दा दायर गरिएमा मुद्दा दायर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको मितिदेखि त्यस्तो न्यायाधीश आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम दायर भएको मुद्दामा त्यस्तो न्यायाधीशले सफाई पाएमा सफाई पाएको मितिबाट निजको निलम्बन स्वतः समाप्त हुनेछ ।

११. न्यायाधीशहरूको सरुवा तथा काज : (१) साधारणतया सुगम क्षेत्रको अदालतमा तीन वर्ष र दुर्गम क्षेत्रको अदालतमा दुई वर्षको कार्यकाल पुरा गरिसकेका न्यायाधीशलाई सरुवा गरिनेछ ।

(२) प्रधान न्यायाधीशले कुनै न्यायाधीशलाई एक अदालतबाट अर्को अदालतमा काज खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै न्यायाधीशलाई काजमा खटाइएकोमा प्रधान न्यायाधीशले त्यसको जानकारी तुरुन्त परिषद्लाई दिनु पर्नेछ ।

१२. परिषद्को कार्यालय : (१) परिषद्को एउटा छुट्टै कार्यालय हुनेछ र परिषद्को प्रशासकीय प्रमुखको रूपमा एकजना सचिव रहनेछ ।

(२) सचिवको नियुक्ति परिषद्को सिफारिशमा श्री ५ महाराजाधिराजबाट गरिबक्सनेछ र सचिवको पदावधि, सेवा शर्त र अन्य सुविधा श्री ५ को सरकारको सचिवको सरह हुनेछ ।

(३) उपदफा (२) बमोजिम सचिवको नियुक्ति नभएको अवस्थामा परिषद्ले श्री ५ महाराजाधिराजको स्वीकृति लिई न्याय सेवाको विशिष्ट श्रेणीको कुनै अधिकृतलाई सचिवको पदमा काम गर्न तोक्न सक्नेछ ।

१३. परिषद्को बैठक : (१) परिषद्को बैठक आवश्यकतानुसार अध्यक्षले तोके बमोजिम बस्नेछ ।

तर कुनै दुईजना सदस्यले संयुक्त रुपमा विषय सूची समेत समावेश गरी परिषद्को बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले बैठक बोलाउनु पर्नेछ ।

(२) बैठकमा विचाराधीन प्रत्येक विषयको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) सचिवले परिषद्को बैठक बस्ने मिति र त्यसमा छलफल हुने विषय सूची सहितको सूचना साधारणतः अठचालीस घण्टा अगाडि सबै सदस्यहरूले पाउने गरी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त गर्ने सदस्यले सो बैठकका निमित्त निर्धारित विषय सूचीमा समावेश गरिएको विषयको अतिरिक्त अन्य कुनै विषयमा छलफल गराउन चाहेमा जुन विषयमा छलफल गर्न चाहेको हो सो को कारण सहितको सूचना बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगाडि सचिवलाई दिनु पर्नेछ ।

तर बैठकमा उपस्थित सबै सदस्यहरूका सहमतिले कुनै सदस्यले बैठकमा मौखिक प्रस्ताव राख्न र त्यस्तो प्रस्ताव उपर छलफल गरी निर्णय गर्न यस उप-दफाले परिषद्लाई बाधा पुऱ्याएको मानिने छैन ।

(५) अध्यक्ष लगायत अरू दुई जना सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको निमित्त गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) परिषद्ले गरेको निर्णयको अभिलेख सचिवले तयार गरी राख्नेछ र अध्यक्षको निर्देशानुसार त्यसको कार्यान्वयन गर्नेछ ।

लालमोहर सदर मितिः– २०४७।१२।२७।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।